# बडीमालिका नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
( )
मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश,नेपाल

पत्र संख्या :- २०७८/०७९/प्रशासन शाखा
चलानी नं.:-

**कर्मचारी आवश्यकता सम्बन्धि सुचना**
**प्रथम पटक प्रकाशित मिति : २०७८/०७/०४**

संयूक्त राष्ट्रसंघिय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र बडीमालिका नगरपालिकासँगको सहकार्यमा **"लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना"** सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरू र यस बडीमालिका नगरपालिका, बाजुरा बीच भएको सम्झौता बमोजिम यस नगरपालिकाका सबै वडाहरुमा उक्त कार्यक्रम सञ्चालन हुने भएको हुँदा यस नगरपालिका अन्तरगत रही कार्य गर्ने गरी निम्न पदहरूमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुवाट दरखास्त आव्हान गरिएको छ ।

**१. सामुदायिक मनोसामाजिक संयोजक– १ जना (महिला) विज्ञापन नं. ०१/२०७८/७९**

**न्यूनतम योग्यता:**

**शैक्षिक योग्यता:** स्नातक तह उत्तिर्ण गरी कम्तिमा छ महिने मनोपरामर्शको तालिम लिएको वा प्रविणता प्रमाणपत्र वा प्लस टु उत्तीर्ण गरी मनोपरामर्शमा ६ महिनाको तालिम लिई कम्तीमा पनि १ वर्षको अनुभव भएको वा कम्तीमा प्रविणता प्रमाणपत्र वा प्लस टु उत्तिंण गरी मानसिक स्वास्थ्य वा मनोसामाजिक सहयोगको क्षेत्रमा ३ वर्षको कार्य अनुभव भएको ।

**उमेर :** २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव तथा वाञ्छनीय योग्यता:**

- सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वयको कामको अनुभव भएको ।
- लैङ्गिक हिंसा र प्रतिकार्यको क्षेत्रमा काम गरेको अनुभव भएको ।
- प्रभावित व्यक्तिहरुको लागि मनोपरामर्श सेवामा काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
- मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेखको अनुभव भएको ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- टिमसँग मिलेर काम गर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुसँग संयोजन गर्नसक्ने ।
- अन्तरव्यक्ति सञ्चार तथा नेतृत्व सीप भएको ।
- पालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत अन्य सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरी काम गर्न सक्ने क्षमता भएको ।
- स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावारे राम्रो जानकारी भएको ।
- इमेल, इन्टरनेट, MS Word, MS Excel तथा Power Pointमा जानकार तथा प्रयोग गर्ने सीप भएको।

नि.प्रमुख प्रशासकिय अधिकृत

"हामी सबैको रहर समृद्ध बडीमालिका नगर"

५४१२६८(नगरप्रमुख) ५४१२८३(उपप्रमुख) ५४१२८५(प्र.प्र.अ.) ५४१२८४(लेखा) ५४१०६७(पंजिकरण) ५४११८०(आलेप) ५४९३५९ (प्रशासन)
email: badimalikamunicipality@gmail.com website :badimalikamun.gov.np

पत्र संख्या :- २०७८/०७९/प्रशासन शाखा
चलानी नं.:-

- महिला, दलित, जनजाती, मधेशी, अल्पसंख्यक तथा सीमान्तकृत एवं बडीमालिका न.पा.का स्थानीयलाई विशेष ग्राह्यता दिइनेछ ।

**२. सामुदायिक मनोसामाजिक कार्यकर्ता : ५ जना (महिला) विज्ञापन नं. ०२/२०७८/७९**

**न्यूनतम शैक्षिक योग्यता** : एसईई वा सो सरह उत्तीर्ण गरेको ।
**उमेर** : २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव एवं वाञ्छनीय योग्यता**

- १२ कक्षा उत्तीर्ण गरेकालाई विशेष प्राथमिकता दिइनेछ ।
- समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा काम गरी अनुभव प्राप्त गरेकालाई प्राथमिकता दिईनेछ ।
- समुदायमा निहित लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा काम गर्न रुची राख्ने ।
- एक जना सामुदायिक मनोसामाजिक कार्यकर्ताले ३ वा सो भन्दा भन्दा बढि वडाहरुमा गई गतिविधिहरु सञ्चालन गर्नुपर्ने भएकोले उम्मेदवार ती सम्वन्धित वडाको हुनुपर्नेछ । सम्वन्धित वडामा योग्य उम्मेदवार नआएमा भौगोगिक सहजताका आधारमा सँगैको वडा वा छिमेकी न.पा.वाट सक्षम उम्मेदवार आएमा पनि छनौट गर्न सकिने छ ।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रोसँग वहन गर्न कटिवद्ध रहने ।
- स्पष्ट रुपले सञ्चार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राख्ने ।
- स्थानीय स्तरमा क्लव, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।
- उत्सुक एवं नयाँ विषयवस्तु सिक्न ईच्छा भएकालाई विशेष प्राथमिकता दिइने ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

**३. पदः मामला व्यवस्थापकः २ जना (महिला) विज्ञापन नं. ०३/२०७८/७९**

**न्यूनतम शैक्षिकयोग्यता** :कम्तीमा पनि १२ कक्षा उत्तीर्ण गरी मनोपरामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम, सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाहरुवाट कम्तिमा ६ महिनाको मनोपरामर्श तालिम लिएको हुनुपर्ने छ ।

नि.प्रमुख प्रशासकिय अधिकृत

बडीमालिका नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

( )

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश,नेपाल


पत्र संख्या :- २०७८/०७९/प्रशासन शाखा

चलानी नं.:-

अनुभव एवं वाञ्छनीय योग्यता

- मनोपरामर्शमा PGDवा मनोविज्ञान/मनोपरामर्शमा स्नातक गरेकालाई प्राथमिकता दिईने छ।
- कम्तिमा २ वर्ष मनोसामाजिक सहयोगको क्षेत्रमा समुदायमा काम नरेको हुनुपर्नेछ । मनोपरामर्शकर्ता भई लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग पुर्‍याउने काममा सहयोग गरेकालाई प्राथमिकता दिईने छ)
- मामला व्यवस्थापनमा कार्य गरेको अनुभव भएको
- प्रतिवेदन लेखन, तथ्याकं/जानकारी संकलन, संचार, संयोजनको आवश्यक सीप भएको।
- आफुले मनोपरामर्श सेवा दिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको।
- स्थानीय सरकार, एकद्धार संकट ब्यवस्थापन केन्द्र, सुरक्षावास सञ्चालन गरेका संस्था तथा अन्य सहयोगी संघसस्थाहरुसँग कार्यगत सम्वन्ध राख्न सक्ने हुनुपर्ने।
- सरकारी तथा गैहसरकारी क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभवीलाई प्राथमिता दिइनेछ।
- बडीमालिका नगरपालिकाको स्थायी बासीन्दा र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ।

कामको मूख्य जिम्मेवारी:

- लैङ्गिकहिंसा प्रभावित व्यक्तिहरुलाई एकद्धार संकट ब्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानुनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सहयोग गर्ने।
- लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यलाई एकद्धार संकट ब्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदायस्तरमानै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने।
- सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्धारा जिल्लामा गरिने सुपरभिजन कार्यकममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको वारेमा ज्ञान, सीप सिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने।
- लैङ्गिक हिंसावाट पीडितमा देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्धार संकट ब्यवस्थापन केन्द्रवाट मात्रै सम्भव नभएमा जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई सम्प्रेशन गर्ने।
- पहिचान गरिएको केशको बिस्तृत मनोसामाजिकआयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाईल वनाएर उक्त अभिलेख एकद्धार संकट ब्यवस्थापन केन्द्रमा सुरक्षित ढंगले

नि.प्रमुख प्रशासकिय अधिकृत




५४१२६८(नगरप्रमुख) ५४१२८३(उपप्रमुख) ५४१२८५(प्र.प्र.अ.) ५४१२८४(लेखा) ५४१०६७(पंजिकरण) ५४११८०(आवेप) ५४१३५९ (प्रशासन)

email: badimalikamunicipality@gmail.com

website :badimalikamun.gov.np

बडीमालिका नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

( )

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश,नेपाल

**पत्र संख्या :- २०७८/०७९/प्रशासन शाखा**

**चलानी नं.:-**

राख्ने । यस्तो केन्द्रबाट उपलब्ध गराईएको सवै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए. को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

**सबै पदका लागि पेशगर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू :**

- नेपाली नागरिकताको प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रतिलिपिहरु १ थान ।

योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (उक्तदिन बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकाको नाममा रा.वा.बैक मार्तडी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ४०७०१००३०१०१०००२ मा संयोजकको हकमा रु.१०००। र अन्य पदका लागि रु ५०० जम्मा गरेको बैक भौचर, उपर्युक्त कागजात तथा व्यक्तिगत विवरण ( बायोडाटा) सहित निवेदन निम्न ठेगानामा बुझाउन यो सुचना जारी गरिएको छ ।

बडीमालिका नगरकार्यपालिकाको कार्यालय प्रशासन उपशाखामा दर्ता गराउनु पर्नेछ ।

पारिश्रमिक : संस्थाको नियमानुसार हुने ।
परीक्षा : बडीमालिका नगरपालिका करार कर्मचारी छनौट कार्यविधि बमोजिम हुने ।
नोट : थप जानकारीका लागि बडीमालिका नगरपालिकाको वेवसाईटमा हेर्न सकिनेछ।

(रंगमल वि.क.)
नि.प्रमुख प्रशासकिय अ